मन्त्रिपरिषद बाट मिति २०७२।०१।०८ मा स्विकृत
पहिलो संशोधन मितिः २०७२।०३।२७
दोश्रो संशोधन मितिः २०७३।०१।२१

# वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२

घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जान चाहने कामदारलाई दिइने श्रम स्वीकृतिलाई पारदर्शी र व्यवस्थित गर्न तथा कामदार एवं तिनका परिवारको हक अधिकारको सुरक्षा गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकाले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले श्रम तथा रोजगार मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ ।

(ङ) "वोर्ड" भन्नाले वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड सम्झनु पर्छ ।

(च) "इजाजतपत्रवाला संस्था" भन्नाले वैदेशिक रोजगार व्यवसाय संचालन गर्न वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम इजाजतप्राप्त संस्था सम्झनु पर्दछ ।

(छ) "कामदार" भन्नाले घरेलु काम गर्न वैदेशिक रोजगारमा जाने नेपाली घरेलु कामदारलाई सम्झनु पर्दछ । यो शव्दले महिला तथा पुरूष कामदार दुवैलाई जनाउँछ ।

(ज) "सूचीकृत संस्था" भन्नाले वैदेशिक रोजगार ऐन बमोजिमका इजाजतपत्रवाला संस्थाहरु मध्येवाट यो निर्देशिका बमोजिम घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा कामदार पठाउन छनौट गरिएका सूचीकृत संस्था सम्झनु पर्दछ ।

(झ) "नियोग" भन्नाले गन्तव्य मुलुकस्थित नेपाली राजदूतावास, कन्सुलेट जनरल वा कन्सुलेटलाई सम्झनु पर्छ । यो शव्दले गन्तव्य मुलुकमा नेपाली राजदूतावास नभए पनि सो मुलुक समेत हेर्ने गरी कार्यक्षेत्र तोकिएको अन्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगलाई समेत बुझाउने छ ।

(ञ) "तालीम" भन्नाले घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई दिइने भाषा तथा सीप विकास र अभिमुखीकरण तालीम सम्झनु पर्दछ ।

(ट) "घरेलु काम" भन्नाले घर परिवारमा खाना पकाउने/घरको रेखदेख गर्ने/करेसाबारी तथा बगैंचामा काम गर्ने, बच्चा तथा बृद्धबृद्धाको स्याहार सुसार गर्ने/ घरायसी निजी सवारी चालक/ हाउस मेड/हाउस ब्वाय/ घरको सरसफाई सम्बन्धी काम गर्ने जस्ता घरायसी कामहरु सम्झनु पर्दछ ।

(ठ) "व्यवसायी" भन्नाले वैदेशिक रोजगारमा घरेलु कामदार पठाउन छनौट गरिएका सूचीकृत संस्थाको संचालकलाई सम्झनु पर्दछ ।

(ड) "एजेन्सी" भन्नाले घरेलु कामदार आपूर्ति सम्वन्धी कार्य गर्न गन्तव्य देशको सरकारवाट इजाजत प्राप्त गरी सम्वन्धित नेपाली नियोगवाट सूचीकृत एजेन्सीलाई जनाउनेछ ।

३. **श्रम स्वीकृति लिनु पर्नेः** (१) घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा [१]अनुसूची १ (क) बमोजिमका देशहरुमा जाने कामदारले ऐन, नियम र यस निर्देशिका बमोजिम श्रम स्वीकृति लिनु पर्नेछ ।

२) घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा कामदार पठाउन ईच्छुक सूचीकृत संस्थाले गन्तव्य देशको नियोगमा सूचीकृत एजेन्सीसँग कामदारको सेवा सुविधा, अधिकार र कर्तव्य सम्वन्धी विषयहरु र दुवै पक्षको काम, कर्तव्य, दायित्व र अधिकारका सम्वन्धमा अनुसुची १ वमोजिम दुई पक्षीय सम्झौता गरेर मात्र कामदार पठाउनु पर्नेछ ।

(३) साउदी अरब, कतार, कुवेत, यु.ए.इ, ओमन, वहराइन, लेवनान र मलेशियामा घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर **चौविस** वर्ष पूरा भएको हुनु पर्नेछ ।

[२](४) घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जाने महिला कामदारको वच्चा २ वर्षभन्दा कम उमेर भएको हुनु हुनेछैन ।

४. **द्विपक्षीय श्रम संझौता गरेर मात्र कामदार पठाउनेः** नेपाल सरकारले गन्तव्य मुलुकहरुसंग घरेलु कामदारको सम्वन्धमा दुई पक्षीय श्रम संझौता वा समझदारी (BLA/MOU)गरेर मात्र वैदेशिक रोजगारमा कामदार पठाउनेछ । यस किसिमको व्यवस्था नहुन्जेल निर्देशिकाको [३]**दोश्रो संशोधनको मितिदेखि बढिमा एक वर्ष सम्मका** लागि गन्तव्य मुलुकको एजेन्सी र नेपालको सूचीकृत संस्था बीचको संझौता बमोजिम घरेलु कामदार पठाउन सकिनेछ ।

५ **कामदार पठाउने संस्थागत व्यवस्थाः–** (१) यस निर्देशिकाको दफा ६ बमोजिम सूचीकृत संस्थाहरु मार्फत घरेलु कामदार वैदेशिक रोजगारमा पठाइनेछ ।

(२) नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयले गन्तव्य मुलुकसंग श्रम सम्झौता वा समझदारी गरी सरकारको कुनै कार्यालय, निकाय वा नेपाल सरकारको पूर्ण स्वामीत्वमा रहेको संस्था मार्फत पनि कामदार पठाउन सक्नेछ ।

६. **संस्था सूचीकरण सम्बन्धी व्यवस्थाः-** (१) यो निर्देशिका लागू भएपछि विभागले घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा कामदार पठाउन संस्था सूचीकरण गर्नको लागि देहायको विवरण उल्लेख गरी निवेदन दिन राष्ट्रियस्तरको दैनिक पत्रिकामा एक महिनाको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ :

(क) इजाजतपत्रवालासंस्था नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

---

[१] पहिलो संशोधन मितिः २०७२।०३।२७ को संशोधनद्वारा थप गरिएको

[२]दोश्रो संशोधन मितिः २०७३।०१।२१ को संशोधनद्वारा थप गरिएको ।

[३] दोश्रो संशोधन मितिः २०७३।०१।२१ को संशोधनद्वारा परिमार्जन गरिएको ।

(ख) गत तीन आर्थिक वर्षमा वैदेशिक रोजगारमा पठाएको महिला तथा पुरुष कामदारको देशगत विवरण,

(ग) वैदेशिक रोजगार व्यवसाय सम्बन्धी कसुरमा कुनै सजायँ पाए, नपाएको स्वयं घोषणा पत्र,

(घ) विगत तीन वर्षको अवधिमा वैदेशिक रोजगारमा पूर्व स्वीकृति लिएको संख्या मध्ये अन्तिम स्वीकृति लिई कामदारलाई पठाएको संख्याको अनुपात,

(ङ) वैदेशिक रोजगार सम्बन्धी कसुरमा कुनै मुद्दा चलिरहेको वा अनुसन्धानरत भए, नभएको घोषणापत्र,

(च) जिल्लास्तरमा शाखाहरु भए सो को संख्या र जिल्ला सहितको विवरण,

(छ) प्रतिनिधि (एजेण्ट) नियुक्ति गरेको भए सोको नाम, थर, ठेगाना र कर प्रयोजनकोलागि दर्ता भएको प्रमाणपत्र सहितको विवरण,

(ज) गत आ.व सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(झ) कामदार र तिनका परिवारको हक हित संरक्षण, सामाजिक सुरक्षा जस्ता संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उल्लेखनीय कार्यहरु गरेको भए सोको प्रमाण सहितको विवरण,

ञ) रोजगारदाता मुलुकस्थित नेपाली नियोगमा घरेलु कामदार वा अन्य कामदार मगाउन सूचीकृत एजेन्सीसंग गरेको संझौता पत्र ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका निवेदनहरु जाँचबुझ गरी अनुसूची २ बमोजिम अंक गणना गरी अधिकतम अंक ल्याउने बढीमा १०० वटा सम्म संस्थाहरु छनौट गरी विभागले नतिजा प्रकाशन गर्नेछ । यसरी सूचीकरण हुनकालागि न्यूनतम ५० अंक प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छनौट भएका संस्थाहरुलाई ऐनको दफा ११ को उपदफा २ वमोजिमको धरौटिको अतिरिक्त थप रु. पच्चीस लाख नगद धरौटी खातामा जम्मा गरी सात दिन भित्र सूचीकरणको प्रमाणपत्र लिन आउन विभागले सूचना जारी गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्पर्क राख्ने इजाजतपत्रवाला संस्थालाई रु. २० हजार दस्तुर लिई अनुसूची-३ बमोजिम विभागले सूचीकरण प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) विभागले मन्त्रालयसंग परामर्श गरी प्रत्येक वर्ष सार्वजनिक सूचना प्रकाशन गरी संस्थाहरुको सूचीकरण थपघट गर्न सक्नेछ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि नवीकरण नभएका, गत आ.व.सम्मको कर चुक्ता नगरेका, तोकिएको सजाय फरफारक नभएका, धरौटी पूरा नभएका संस्थाहरु सूचीकृत गरिने छैनन् ।

७. **सूचीकरण अवधि र नवीकरण** :- (१) सूचीकरण प्रममाणपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । एक आर्थिक वर्ष समाप्त भए पछि सूचीकृत संस्थाले प्रत्येक आर्थिक वर्षको असोज १५ गते भित्र विभागमा देहायको विवरण पेश गरी कात्तिक मसान्तभित्र प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारमा घरेलु कामदार पठाएको देशगत विवरण,

(ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको आय विवरण बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि,

(घ) इजाजतपत्रवाला संस्था नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्र ।

(ङ) वैदेशिक रोजगार सम्बन्धी कसुरमा कुनै सजायँ पाए, नपाएको घोषणा,

(च) वैदेशिक रोजगार सम्बन्धी कसुरमा कुनै मुद्धा चलिरहेको वा अनुसन्धानरत भए, नभएको घोषणा,

(छ) जिल्लास्तरमा शाखाहरु भए सो को संख्या र जिल्ला सहितको विवरण,

(ज) प्रतिनिधि (एजेण्ट) नियुक्ति गरेको भए सो को नाम थर र ठेगाना तथा कर प्रयोजनकोलागि दर्ता भएको प्रमाणपत्र सहितको विवरण,

(झ) गन्तव्य मुलुकको एजेन्सी संग गरेको संझौता पत्र ।

(ञ) गत आर्थिक वर्षको कारोवारको लेखा परीक्षण भएको प्रमाणित वासलात विवरण,

(ट) कामदार र तिनका परिवारको हक हित संरक्षण, सामाजिक सुरक्षा जस्ता संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उल्लेखनीय कार्यहरु गरेको भए सो को प्रमाण सहितको विवरण ।

(ठ) वैदेशिक रोजगारमा गएको कामदारहरुलाई उद्धार गरी ल्याएको तथा क्षतिपूर्ति दिलाएको भए सो को प्रमाणित विवरण

ड) घरेलु कामदारसंग कुनै रकम लिए नलिएको अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) विभागले उपदफा १ बमोजिमको विवरण रुजु गरी रु. १० हजार दस्तुर लिई प्रमाणपत्र नविकरण गर्नु पर्ने छ ।

(३) उप दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्र नवीकरण नभएको, विगत आ. व. को राजश्व नवुझाएको, तोकिएको सजायँ फरफारक नभएको, धरौटी पूरा नभएको, ५० भन्दा कम संख्यामा कामदार पठाएको र विभागले तोके बमोजिमको घरेलु कामदार सम्वन्धी आवधिक विवरण पेश नगरेको सूचीकृत संस्था नवीकरण गरिनेछैन ।

८. **सूचीकरण रद्ध गर्ने, नवीकरण नगर्ने** :–(१) देहायको आधारमा वैदेशिक रोजगार विभागले दफा ६ बमोजिम दर्ता भएको संस्थाहरुको सूचीकरणलाई रद्ध गर्नेछ । साथै त्यस्तो संस्था नवीकरण समेत गरिनेछैन । यसरी रद्द भएको संस्थाले घरेलु कामदार पठाउने सम्बन्धी कुनै पनि काम गर्न पाउने छैन ।

(क) झुट्टा कागजात वा विवरण पेश गरी सूचीकरण भएकोमा,

(ख) तोकिएको समयमा नवीकरण नगरेमा/हुन नसकेमा

(ग) संस्थाले पठाएका घरेलु कामदारले करार वमोजिमको सेवा सुविधा नपाएको अवस्था प्रमाणित भएमा र सुरक्षाको कारणले समस्यामा परेका कामदारको उद्धार कार्यमा सहयोग नगरेमा तथा कामदारलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध नगराएमा,

(घ) झुट्टा कागजात वा विवरण पेश गरी कामदार पठाएमा वा पठाउने प्रयास गरेमा,

(ङ) वैदेशिक रोजगार ऐन तथा नियमावली विपरित काम कारवाही गरेमा,

(च) गन्तव्य मुलुकस्थित सूचीकृत एजेन्सी र वैदेशिक रोजगारमा पठाउँदा कामदारसंग संस्थाले गरेको संझौता उलङघन गरेमा,

(छ) विभागले माग गरे बमोजिम आवधिक विवरण पेश नगरेमा,

(ज) घरेलु कामदारसंग रकम लिएको प्रमाणित भएमा,

(२) उपदफा (१) को खण्ड (ख) को अवस्थामा बाहेक अन्य अवस्थामा सूचीकरण रद्ध गर्नु अघि सम्वन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

९. **रोजगारदाता मुलुकस्थित नेपाली नियोगमा एजेन्सी सूचीकरण** :-(१) रोजगारदाता मुलुकमा घरेलु कामदार आपूर्ति गर्न चाहने स्वीकृति प्राप्त एजेन्सीले उक्त मुलुकस्थित नेपाली नियोगमा देहाय बमोजिम विवरण पेश गरी सूचीकरण हुनु पर्नेछ :–

(क) घरेलु कामदार आपूर्ति गर्न सम्वन्धित मुलुकको आधिकारिक निकायबाट स्वीकृति प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) एजेन्सीको कार्यालय रहने ठेगाना (सम्पर्क टेलिफोन नंवर, वेव साइट र इमेल ठेगाना र स्थान देखिने नक्सा समेत),

(ग) संचालकको नाम र ठेगाना,

(घ) सम्वन्धित मुलुकस्थित नेपाली नियोगले आवश्यक ठानेका अन्य व्यवस्थाहरु ।

(२) एजेन्सी सूचीकरण सम्वन्धी सूचना लगायतका अन्य कार्यविधि सम्वन्धित नियोगले तय गरी लागू गर्न सक्नेछ।

(३) राजदूतावासमा सूचीकृत हुन चाहने एजेन्सीले न्यूनतम यु.एस.डलर १०,००० बराबरको स्थानीय मुद्रा नियोगले तोकेको धरौटी खातामा रकम जम्मा गर्नु पर्नेछ । रोजगार दाता ( स्पोन्सर)ले कामदार प्रतिको दायित्व फरफारक गर्नु पर्ने अवस्थामा रोगजारदाताले नियोगमा राखेको धरौटी रकमले नपुगेमा यस दफा बमोजिम राखिएको एजेन्सीको धरौटी रकमबाट कट्टा गरी नियोगले कामदारलाई भुक्तानि दिनेछ । यसरी भुक्तानि भएको रकम एजेन्सीले पन्ध्र दिन भित्र धरौटी खातामा सोधभर्ना गर्नु पर्नेछ ।

(४) एजेन्सी सूचीकरण गर्न ५०० यु. एस डलर बराबरको स्थानीय मुद्रा नियोगले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(५) सूचीकृत एजेन्सीको अवधि नेपाली आर्थिक वर्ष अनुसार एक आर्थिक वर्षको लागि हुनेछ ।

१०. **एजेन्सी नवीकरण** : (१) आर्थिक वर्ष समाप्त भएपछि एजेन्सीले प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नवीकरणको लागि नियोग समक्ष देहायको विवरण पेश गर्नु पर्नेछ :

(क) अघिल्लो आर्थिक वर्षसम्म नेपालबाट आपूर्ति गरेको घरेलु कामदारको विवरण र रोजगाररत घर परिवारको ठेगाना (सम्पर्क टेलिफोन नंवर, वेव साइट, इमेल, सम्बन्धित घर रहेको स्थान देखिने नक्सा समेत) सहित विवरण,

(ख) सूचीकृत एजेन्सीले आपूर्ति गरेको घरेलु कामदारहरु मध्ये अघिल्लो आर्थिक वर्षमा करार अवधि समाप्त भएर वा नहुँदै नेपाल फर्केको विवरण,

(ग) घरेलु कामदार आपूर्ति गर्न गन्तव्य मुलुकको आधिकारिक निकायबाट जारी भएको प्रमाणपत्रको अवधि कायम नै रहेको प्रमाण (नवीकरण अवस्था),

(घ) तोकिए बमोजिम धरौटी खातामा राख्नु पर्ने रकम यथावत रहेको

(ङ) राजदूतावासले आवश्यक ठानेका अन्य विवरण ।

(२) नियोगले उपदफा (१) बमोजिमका विवरण रुजुगरी यु. एस डलर ३०० वरावरको स्थानीय मुद्रामा दस्तुर लिई एजेन्सी नवीकरण गर्नु पर्नेछ ।

उप दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एजेन्सीले आपूर्ति गरेका घरेलु कामदारले करार बमोजिमको सेवा सुविधा नपाएको अवस्था प्रमाणित भएमा र सुरक्षाको कारणले समस्यामा परेका कामदारको उद्दार कार्यमा सहयोग नगरेमा, कामदारलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध नगराएमा, झुट्टा कागजात वा विवरण पेश गरी कामदार आपूर्ति गरेमा वा आपूर्ति गर्ने प्रयास गरेमा र सम्बन्धित नेपाली नियोगले समय समयमा माग गरेको विवरण उपलब्ध नगराएमा सम्बन्धित नेपाली नियोगले एजेन्सीको काम कारवाही रोक्का गर्नेछ र नवीकरण समेत गर्नेछैन ।

११. **राजदूतावासले सूचीकरण रद्द गर्ने** :–(१) देहायको आधारमा गन्तव्य मुलुकस्थित नेपाली नियोगले दफा ९ बमोजिम दर्ता भएको एजेन्सीलाई रद्द गर्नेछ । यसरी रद्द भएको एजेन्सीले नेपालबाट घरेलु कामदार आपूर्ति सम्बन्धी कुनै पनि काम गर्न पाउने छैन ।

(क) झुट्टा कागजात वा विवरण पेश गरी सूचीकरण भएकोमा,

(ख) झुट्टा कागजात वा विवरण पेश गरी कामदार आपूर्ति गरेमा वा आपूर्ति गर्ने प्रयास गरेमा

(ग) तोकिएको समयमा नवीकरण नगरेमा/हुन नसकेमा

(घ) सूचीकृत एजेन्सी र रोजगारदाता तथा सूचीकृत एजेन्सी र नेपाली सूचीकृत संस्थाबीचको करार संझौता उलङ्घन गरेमा,

(ङ) दफा ९ को उपदफा (३) बमोजिम कट्टा गरिएको धरौटी रकम पन्द्र दिन भित्र धरौटी खातामा सोधभर्ना नगरेमा,

च) हप्तामा एक दिन विदा नदिएमा ।

(२) उपदफा (१) को खण्ड (ग) को अवस्था बाहेक अन्य अवस्थामा सूचीकरण रद्द गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

१२. **नेपाली नियोगद्वारा कामदारको मागपत्र प्रमाणीकरण** :–

(१) रोजगारदाता (स्पोन्सर)बाट कामदार आपूर्ति गर्न एजेन्सी मार्फत जारी भएको मागपत्र प्रमाणित गर्दा सम्बन्धित मुलुक स्थित नेपाली नियोगले उक्त एजेन्सीबाट देहाय बमोजिम विवरण लिई जाँचबुझ गरी प्रमाणित गर्नुपर्नेछ :–

(क) रोजगारदाता र एजेन्सीबीच कामदार आपूर्ति गर्ने सम्बन्धमा भएको नियोगले तोके बमोजिमको संझौतापत्रको प्रमाणित प्रतिलिपि,

(ख) रोजगारदाताले घरेलु कामदार राख्न पाउने सम्बन्धमा गन्तव्य मुलुकको आधिकारिक निकायबाट दिएको स्वीकृति पत्र,

(ग) गन्तव्य मुलुकस्थित एजेन्सी र नेपालको सूचीकृत संस्थाबीच भएको संझौताको प्रमाणित प्रतिलिपि,

(घ) रोजगारदाता र कामदारबीच दुवै मुलुकका सूचीकृत संस्था/एजेन्सी रही गरिने अनुसुची-४ वमोजिमको करारनामा (रोजगारदाता र गन्तव्य मुलुकको एजेन्सीको संचालकले गरेको दस्तखत सहित),

(ङ) रोजगारदाताको आर्थिक, सामाजिक र चारित्रिक हैसियत तथा सुरक्षा सम्बन्धमा अनुसूची ५ बमोजिम मापदण्डमा तोकिएका आधारहरु सुनिश्चित हुने, नहुने एकीन गर्ने,

(च) नियोगले उपर्युक्त कागजातहरु अध्ययन परीक्षण गरी आवश्यकता अनुसार सम्बन्धित घर परिवारको निरीक्षण समेत गरी सबै व्यवस्था तोकिएको मापदण्ड अनुरुप भएमा आवेदन पेश भएको ७ कार्यदिन भित्र माग पत्र प्रमाणित गर्नु पर्दछ ।

(छ) तालिम तथा विशेष ज्ञान खुलाउने: नेपाली नियोगले घरेलु कामदार माग प्रमाणीकरण गर्दा कामदारले गर्नुपर्ने कामको लागि आवश्यक तालीम तथा विशेष ज्ञान खुलाउन लगाई प्रमाणित गर्नु पर्नेछ,

(ज) नियोगद्वारा माग पत्र र करारनमा लगायतका कागजातहरु प्रमाणित गर्ने निर्णय गरेमा सम्बन्धित एजेन्सी मार्फत सम्बन्धित रोजगारदाताबाट प्रति व्यक्ति यू एस डलर १००० मा नघट्ने गरी धरौटी लिई अनुसूची ६ बमोजिमको पत्र वैदेशिक रोजगार विभाग अन्तर्गत सम्बन्धित कार्यालयको नाममा जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) को (ज) अनुसार राखिएको धरौटी रकमवाट दफा १९ मा उल्लिखित अवस्था आइपरेमा नियोगले कामदारले पाउन बाँकी तलव, भत्ता, सामान्य उपचार र फिर्ता टिकटको व्यवस्था गरी बाँकी धरौटी रकम रोजगारदातालाई आवश्यक विधि र प्रकिया पूरा गरी फिर्ता दिनेछ ।

१३. **पूर्वस्वीकृति सम्बन्धी व्यवस्था:–** (१) सूचीकृत संस्थाले घरेलु कामदमर वेदेशिक रोजगारमा पठाउन वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १२ बमोजिम वैदेशिक रोजगार विभाग अन्तर्गत सम्बन्धित कार्यालयमा देहाय बमोजिम निवेदन दिनु पर्नेछ :–

(क) यस निर्देशिकाको दफा १२ को उपदफा (१)को खण्ड (ज) बमोजिम नियोगबाट जारी भएको माग प्रमाणीकरण पत्रको सक्कल प्रति । यस पत्रसंग दफा १२ को उपदफा ( १)को खण्ड (क), (ख), (ग) र (घ) सम्बन्धी विवरण,

(ख) घरेलु कामदार सीपमूलक तालीम र अभिमुखीकरण तालीम, बीमा, स्वास्थ्य परीक्षण, वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्ने रकम र आते जाते यातायात वापत सम्पूर्ण खर्च तथा सूचीकृत संस्थाको प्रवर्द्धन खर्च रोजगारदाताले व्यहोर्ने र कामदारले कुनै पनि शुल्क तिर्नु नपर्ने बारेको सूचीकृत संस्थाको संचालकको प्रत्याभूति पत्र,

(ग) गन्तव्य मुलुकस्थित एजेन्सी र नेपालको सूचीकृत संस्थाबीच भएको संझौताको प्रमाणित प्रतिलिपि,

(२) उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन जाँचबुझ गर्दा सूचीकृत संस्थाको माग उचित देखिएमा निवेदन दिएको मितिले चार दिन भित्र वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने कारबाही शुरु गर्न सम्वन्धित कार्यालयले पूर्वस्वीकृति दिनेछ ।

१४. **विज्ञापन प्रकाशन गर्ने:–** दफा १३ बमोजिम पूर्व स्वीकृति प्राप्त भएपछि सूचीकृत संस्थाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १४ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई घरेलु कामदार छनौट गर्न विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

१५. **कामदारको छनौट सूची प्रकाशन र प्रवेशाज्ञा व्यवस्थाको जानकारी दिने :–** सूचीकृत संस्थाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ बमोजिम उम्मेदवार छनौट गरेको सूचना सूचीकृत

संस्थाको कार्यालयमा टाँस गर्नुको साथै सो को एकप्रति सम्बन्धित कार्यालयमा पठाइ छनौट भएका उम्मेदवारहरु कुन कुन रोजगारदाताकहाँ कार्यरत हुनु पर्ने हो सो समेत उल्लेख गरी प्रवेशाज्ञा व्यवस्थाको लागि सम्बन्धित गन्तव्य मुलुकको आधिकारिक निकायमा पठाएको जानकारी गराउनु पर्नेछ ।

१६. **तालीम सम्बन्धी व्यवस्था:–** (१) घरेलु कामदारको रुपमा छनौट भएका व्यक्तिहरुलाई सम्बन्धित सूचीकृत संस्थाले घरेलु कामदार अभिमुखीकरण तालीम सम्बन्धी कार्यविधि, २०७० बमोजिम घरेलु कामदार अभिमुखीकरण तालिम र ऐनको दफा २७ बमोजिम अभिमुखीकरण तालीम निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ । यसरी तालीम उपलब्ध गराउने कार्यतालिका र तालीम दिन स्वीकृत प्राप्त संस्थाको नाम र ठेगाना उल्लेख गरी सूचीकृत संस्थाले वैदेशिक रोजगार विभागको सम्बन्धित कार्यालय र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयमा जानकारी गराउनु पर्नेछ ।

(२) सम्बन्धित कामदारले उपदफा (१) बमोजिमको तालीम पहिले नै लिई सकेको प्रमाणपत्र पेश भएमा उक्त तालीम बापत लागेको शुल्क सम्बन्धित सूचीकृत संस्थाले कामदारलाई सोधभर्ना दिनु पर्नेछ ।

[४](३) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट मान्यता प्राप्त पाठ्यक्रम अनुसार ऐनको दफा ३० बमोजिमको संस्थाबाट कम्तिमा ३० कार्यदिनको घरेलु कामदार सम्वन्धी तालिम दिएको हुनुपर्नेछ ।

१७. **श्रम स्वीकृतिको निस्सा (स्टिकर) सम्बन्धी व्यवस्था** :– (१) सूचीकृत संस्थाले दफा १५ बमोजिम छनौट भएका कामदारको प्रवेशाज्ञा प्राप्त भएपछि त्यस्ता कामदारलाई वैदेशिक रोजगारमा पठाउनु अघि वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १७ अनुकुल देहायका विवरणहरु संलग्न गरी वैदेशिक रोजगार विभागको सम्बन्धित कार्यालयबाट श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि पेश गर्नु पर्नेछः–

(क) घरेलु कामदार सीपमूलक तालीम तथा अभिमुखीकरण तालीम लिएको प्रमाण पत्र, तालीम पूरागरी सिकाई मूल्यांकनमा उत्तीर्ण भएको प्रमाणित नामावली (उक्त विवरण online वाट Verify गर्नु पर्नेछ) ।

(ख) निरोगिताको प्रमाणपत्र (स्वास्थ्य परीक्षण प्रमाणपत्र),

(ग) बीमा गरेको प्रमाणपत्र,

(घ) वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको रसिद,

(ङ) गन्तव्य मुलुकको एजेन्सी र नेपालको सूचीकृत संस्थाबीच भएको करार सम्झौतापत्र,

(च) रोजगारदाता र कामदारबीच भएको करारमा दुवै मुलुकका एजेन्सी तथा सूचीकृत संस्था समेतले दस्तखत गरेको संम्झौतापत्र,

छ) चालचलन सम्वन्धी प्रहरी प्रतिवेदन

ज) कामदारको नाममा प्राप्त राहदानी सहितका कागजातहरु

(२) उपदफा (१) बमोजिमका विवरणहरु जाँचबुझ गरी दुरुस्त देखिएमा गन्तव्य मुलुकमा पुगेपछि कामदारले पाउने सेवा सुविधाका शर्तका सम्बन्धमा सूचीकृत संस्थाका संचालक र

कामदारबीच कार्यालयको सम्बन्धित शाखाका कर्मचारीको रोहवरमा अनुसूची ७ बमोजिम[६] रोजगार संभौता सम्पन्न गराई निवेदन पेश गरेको तीन दिन भित्र कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिनु पर्नेछ ।

(३) विभागले श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिएपछि सो को विवरण सम्बन्धित नियोगलाई अनलाईन मार्फत जानकारी दिनु पर्नेछ ।

(४) सूचीकृत संस्थाले घरेलु कामदार सम्बन्धित देशमा पुग्ने समय तालीका सहितको जानकारी गन्तव्य मुलुकको एजेन्सी र नेपाली नियोगमा गराउनु पर्नेछ ।

(५) कामदार गन्तव्य मुलुकमा पुगेपछि सम्बन्धित एजेन्सीले कामदारलाई विमानस्थलको आगमन कक्षमा भेट गरी सुरक्षितपूर्वक तोकिएको वासस्थानमा (Accommodation Centre) मा पुऱ्याई कामदार आईपुगेको बारेमा टेलिफोन मार्फत नेपाली नियोगमा जानकारी गराउनु पर्नेछ ।

(६) एजेन्सीले कामदार पुगेको ३ दिन भित्र कामदारलाई नेपाली नियोगमा Registration को लागि उपस्थित गराई सम्बन्धित स्पोन्सर/रोजगारदाता कहाँ पुऱ्याउनु पर्नेछ ।

(७) एजेन्सीले घरेलु कामदार आपूर्ती गर्न नेपालमा आवश्यक पर्ने तालीम लगायतका तयारी र भर्ना, छनौट सम्बन्धी खर्च तथा  यातायात सम्बन्धी खर्च र सेवा शुल्क समेत सूचीकृत संस्थाको नेपाल स्थित बैंक खातामा पठाउनु पर्ने छ ।

[५](८) तोकिएको बासस्थानमा वस्ने व्यवस्थाका लागि न्यूनतम सुविधाहरु र अलग्गै वस्न मिल्ने एवं गोप्यता कायम हुने कुराहरुको सुनिश्चितता भएको हुनुपर्नेछ ।

[६](९) कार्यस्थलमा महिला कामदारको लागि एक सेट मोवाइल फोनको अनिवार्य व्यवस्था हुनुको साथै उक्त फोन नम्वर नेपाली नियोगको कार्यालय, वैदेशिक रोजगार विभाग र कामदारको घर परिवारका व्यक्तिलाई उपलव्ध गराउनु पर्नेछ ।

[७](१०) कामदारले प्रत्येक हप्ता आफनो परिवारसंग फोन सम्पर्क गर्न पाउने व्यवस्थाको प्रत्याभूति भएको हुनुपर्नेछ ।

१८. **पुनः श्रम स्वीकृतिको निस्सा (स्टिकर)** सम्बन्धी व्यवस्थाः– (१) घरेलु कामदारको रुपमा काम गरी विदामा स्वदेश आइ फर्कने वा पहिलेकै रोजगादातासंग संभौता नवीकरण गरी पुनः रोजगारमा जाने कामदारलाई विभाग अन्तर्गतको कार्यालयले देहाय बमोजिम पुनः श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिनेछ :–

(क) विभागबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारमा गएका घरेलु कामदारको हकमा करार संभौता बमोजिम अवधि बांकी देखिएको,

(ख) प्रवेशाज्ञाको अवधि बांकी भएको,

(ग) वैदेशिक रोजगार ऐन तथा नियमावली अनुसार बीमा गरेको, वैदेशिक रोजगार कल्याणकारी कोषमा तोकिए बमोजिम रकम जम्मा गरेको प्रमाण ।

---

[५] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनद्वारा थप गरिएको ।

[६] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनद्वारा थप गरिएको ।

[७] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनद्वारा थप गरिएको ।

(ग) वैदेशिक रोजगार ऐन तथा नियमावली अनुसार बीमा गरेको, वैदेशिक रोजगार कल्याणकारी कोषमा तोकिए बमोजिम रकम जम्मा गरेको प्रमाण ।

(घ) सम्वन्धित देश स्थित नेपाली नियोगको अनुसुची ८ बमोजिमको सिफारिश पत्र

ङ) घरेलु कामदारको रुपमा यस अघि श्रम स्वीकृति नलिई गएकोमा र रोजगारदाता परिवर्तन भएको अवस्थामा रोजगारदाता र कामदारबीच भएको करारपत्र ।

१९. **घरेलु कामदारको स्वदेश फिर्ती र उद्धार सम्बन्धी व्यवस्थाः** वैदेशिक रोजगार ऐन, नियम र यस निर्देशिका बमोजिम वैदेशिक रोजगारमा गएका घरेलु कामदारलाई देहायको अवस्थामा सूचीकृत संस्था र नियोगमा सूचीकृत एजेन्सीले नियोग र रोजगारदातासँग समन्वय गरी स्वदेश फिर्ती तथा क्षतीपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।

क) सम्झौता बमोजिमको काम फरक परेमा, र सम्झौता बमोजिमको तलव सुविधा प्राप्त नभएमा,

ख) कामदार गम्भीर विरामी भई काम गर्न नसक्ने भएमा,

ग) कामदारलाई शारीरिक वा मानसिक हिंसामा पारिएको जानकारी हुन आएमा,

घ) सम्झौता बमोजिमको करार अवधि समाप्त भएपछि रोजगारदाताले स्वदेश फिर्ता हुन अनुमति दिन आनाकानी गरेमा ।

ङ) कामदारलाई रोजगारदाताले अन्यत्र घरमा वा अन्य देशमा पठाएमा वा

च) विभाग र नियोगले तोके बमोजिमको अन्य अवस्थामा ।

२०. **समन्वय समिति सम्वन्धी व्यवस्थाः** १) यस निर्देशिका बमोजिम हुने काम कारवाहीकोलागि आवश्यक समन्वय गर्न देहायका पदाधिकारीहरु रहेको एक समन्वय समिति रहनेछ :

| | |
|---|---|
| क) सह सचिव, वैदेशिक रोजगार तथा अन्तराष्ट्रिय सम्वन्ध महाशाखा श्रम तथा रोजगार मन्त्रालय | संयोजक |
| ख) महानिर्देशक वैदेशिक रोजगार विभाग | सदस्य |
| ग) कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिावालय | सदस्य |
| घ) उपसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| ङ.) उपसचिव, गृह मन्त्रालय | सदस्य |
| च) कार्यालय प्रमुख, श्रम स्वीकृति प्रदान गर्ने कार्यालय | सदस्य |
| छ) प्रतिनिधि, सूचिकृत संस्था र घरेलु कामदार तालीम प्रदायक संस्थाहरु मध्येवाट एक/एक जना | सदस्य |
| ज) शाखा प्रमुख (उ.स.) वैदेशिक रोजगार शाखा, श्रम तथा रोजगार मन्त्रालय | सदस्य सचिव |

२) समितिको कार्य क्षेत्रः क) यस निर्देशिका को कार्यान्वयनमा कुनै द्धिविधा आइपरेमा सो को समाधानको लागि मन्त्रालय समक्ष सुझाव सहित सिफारिश गर्ने,

ख) यस निर्देशिका बमोजिम विभाग, कार्यालय, सूचीकृत संस्थार गन्तव्य देशको एजेन्सीबाट भएका कामकारवाहीका सम्वन्धमा नियमित अनुगमन/निरीक्षण गर्ने र निर्देशन दिने,

ग) कामदारको सेवाको सुरक्षा र उद्दार कार्यकालागि सम्वन्धित निकाय एवं संस्थालाई आवश्यक निर्देशन दिने ।

३) यस दफा बमोजिम गठन भएको समितिले आफुलाई तोकिएको कार्य सम्पादन गर्न उपसमिति गठन गर्न सक्नेछ ।

४) समितिको लागि आवश्यक खर्च वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको कोषवाट व्यहोरिनेछ ।

२१. **विविधः** (१) शुल्क लिन नपाउने: घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा जाने कामदारलाई सूचीकृत संस्थाले निःशुल्क पठाउनुपर्नेछ । साथै गन्तव्य देशको एजेन्सी वा रोजगारदाताले कामदारबाट कुनै पनि शुल्क वा रकम लिन वा कामदारको पारिश्रमिकबाट कट्टा गर्न पाउनेछैन ।

(२) व्यक्तिगत श्रम स्वीकृती सम्वन्धी व्यवस्था: यो निर्देशिका लागू भएपछि व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रकिया सम्वन्धी निर्देशिका २०६९ मा व्यवस्था भए बमोजिम नाता प्रमाणितको आधार र सम्वन्धित नियोगबाट मागपत्र, करारनामा, प्रमाणित भएकोमा बाहेक व्यक्तिगत श्रम स्वीकृतीमा घरेलु कामदार पठाइने छैन । [८]"तर महिला कामदारलाई घरेलु कामका लागि व्यक्तिगत श्रम स्वीकृति दिइने छैन"

(३) विवरण तयार गरी राख्ने: वैदेशिक रोजगार विभाग र अन्तर्गतका शाखा कार्यालयहरु, नेपाली नियोग, सूचीकृत संस्था र गन्तव्य देशको एजेन्सीले यस निर्देशिका बमोजिम घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा गएका र फर्केर आएका कामदारहरुको अनलाईन विवरण (On line Database) तयारी गरी अद्यावधिक गराई राख्नुपर्नेछ ।

(४) एजेन्सीद्वारा कामदारको स्थिति अनुगमन निरीक्षण र आवश्यक सहयोग गर्ने: गन्तव्य देशको एजेन्सीले आफ्नो संस्था मार्फत आएका घरेलु कामदारको अवस्थाको बारेमा (तलव सुविधा, विदा, सूचना सम्पर्क, अवाञ्छित र हिंसाजन्य कार्य, कार्य समय आदि) ४-४ महिनामा अनुगमन गरी सो को विवरण नेपाली नियोगमा बुझाउनु पर्नेछ । यसको अतिरिक्त कामदारले आफूलाई कठिनाइमा परी जानकारी गराएको अवस्थामा एजेन्सीले रोजगारदातासँग सम्पर्क गरी कामदारको अवस्था र वस्तुस्थिति निरीक्षण गरी कामदारलाई परेको समस्या समाधान गर्नुपर्नेछ र सोको जानकारी नियोगलाई गराउनु पर्नेछ । साथै एजेन्सिले रोजगारदातासंग समन्वय गरी प्रत्येक ४ महिनामा एक पटक कामदारलाई नेपाली नियोगमा अनिवार्यरुपमा उपस्थित गराउन पर्नेछ ।

(५) घरेलु कामदार सम्वन्धी अलग्गै शाखा (डेस्क) को व्यवस्था गर्ने : कार्यालयले घरेलु कामदार सम्वन्धी काम गर्ने अलग्गै शाखा(डेस्क) को व्यवस्था गर्नु पर्नेछ । विभागले घरेलु कामदार सम्वन्धी database को व्यवस्था गरी विभागको online database संग एजेन्सीले उपलव्ध गराएको database को verification को व्यवस्था गर्नु पर्नेछ ।

(६) धर्म संस्कृतिको सम्मानः घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जाने कामदारले गन्तव्य देशको धर्म संस्कृति र व्यवहारको सम्मान गर्दै नियम, कानूनको पालना, गर्नुपर्नेछ । कामदारले रोजगारदाताको सरसामान र सम्पत्तिको दुरुपयोग नगरी संभार, संरक्षण गर्दै रोजगारदातासँग भएको करारको पालना गर्नुपर्नेछ ।

(७) बैंक खाता सम्बन्धी व्यवस्थाः नेपालबाट गन्तव्य मुलुकमा कामदारहरु पठाउनु अघि सुचिकृत संस्थाले सम्वन्धित कामदारको नाममा गन्तव्य मुलुकमा समेत शाखा कार्यालय भएको नेपालस्थित बैंकमा व्यक्तिगत खाता खोलिदिनु पर्ने र गन्तव्य मुलुकको रोजगारदाताले समेत कामदारको नाममा बैंक खाता खोलि मासिक पारिश्रमिक जम्मा

---

[८] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनद्वारा थप गरिएको ।

सम्बन्धित कामदार तथा आवश्कता अनुसार सम्बन्धित एजेन्सि तथा नेपाली नियोगलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

[९] (८) घरेलु कामदारको रुपमा बैदेशिक रोजगारमा जाने कामदारले पाउने न्यूनतम पारिश्रमिक अमेरिकी डलर ३००।– (तीनसय) भन्दा कम हुने छैन र सो भन्दा कम हुनेगरी स्वीकृति दिइनेछैन ।

[१०]२२. **फिर्ता भएको जानकारी गराउनेः** (१) इजाजतपत्र प्राप्त संस्थाले वैदेशिक रोजगारमा गएका महिला कामदारहरुको करार अवधि समाप्त भएपछि वा कुनै कारणले करार अवधि समाप्त नहुदै स्वदेश फर्किएमा विभागलाई जानकारी दिनुपर्ने छ ।

[११] (२) इजाजतपत्र प्राप्त संस्थाले बैदेशिक रोजगारमा पठाएका महिला कामदारको सम्पूर्ण संख्या स्वदेश फिर्ता नहुदाँसम्म यस निर्देशिका बमोजिमको दायित्वबाट उन्मुक्ति पाउने छैन ।

[१२] (३) घरेलु कामदारलाई सम्झौता अनुसारको पारिश्रमिक सम्बन्धित गन्तव्य मुलुकको रोजगारदाताले उपलब्ध नगराएको खण्डमा नेपालबाट रोजगारमा पठाउने ईजाजतपत्र प्राप्त संस्थाले दायित्व बहन गर्नुपर्ने छ।

२३. **निर्देशिकाको व्याख्या र बाधा अडकाउ फुकाऊ :–** यस निर्देशिकाको पालना र कार्यान्वयनमा कुनै द्विविधा र कठिनाई परेमा निर्देशिकामा परिमार्जन गर्ने, व्याख्या गर्ने, अनुसूचीमा हेरफेर गर्ने, र बाधा अड्चन फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

२४. **खारेजी :–**घरेलु कामदारको रुपमा विदेश जाने नेपाली कामदारलाई व्यवस्थित गर्ने सम्वन्धी निर्देशिका, २०६७ खारेज गरिएको छ ।

---

[९] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनबाट बाट थप गरिएको ।

[१०] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनबाट बाट थप गरिएको ।

[११] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनबाट बाट थप गरिएको ।

[१२] मितिः २०७३।०१।२१ को दोश्रो संशोधनबाट बाट थप गरिएको ।

अनुसूची-१
(निर्देशिकाको दफा ३ को (२) संग सम्वन्धित)

Agreement Between........................ (Name of Agency), Agency of the....................... (Country of Destination) and..................... (Name of Registered Recruiting Agency), Registered Recruiting Agency of Nepal for Recruitment of Nepalese Domestic Service Workers

................. (Name of Agency), (Country of Destination), (hereinafter referred as "the first party") and.......................... (Name of Registered Recruiting Agency of Nepal), (hereinafter referred as "the second party") and jointly referred as "the parties";

Expressing firm commitment to protect the rights and interests of Nepalese domestic workers;

Desiring to establish and operate fair and sustainable business relations based on the principles of equality and mutual benefit;

Reiterating the commitment to recruit Nepalese Domestic Service Workers to work as Domestic Service Workers in..... (Country) according to the laws of both countries, and under the terms and conditions stipulated in this agreement;

Have agreed as follows:-

**Article 1**

**Definition**

Unless the subject or context requires otherwise, in this agreement:-

1.1 The term "Sponsor" means a house owner as well as the employer who obtains permission from the........ government to employ Nepalese Domestic Service Workers as a Domestic Service Worker in his/her household.

1.2 The term "Agency" means Recruiting Agency enlisted in the Nepalese mission in country of destination to recruit Nepalese domestic worker(s).

1.2 The term "Registered Recruiting Agency" means recruiting agency registered with the Department of Foreign Employment (DoFE) especially to recruit Nepalese Domestic Service Worker for foreign employment purpose.

1.3 The term "Domestic Service Worker" means the Nepalese worker recruited for domestic works in the assigned household in the..... (Country) under this agreement.

1.4 The term "Employment Contract" means the agreement concluded between the sponsor and the worker at the witness of the parties.

1.5 The term "family member" means husband, wife, son, daughter, father, and mother and father/mother in-law of the worker or any other kin of the Domestic Service Worker in the absence of them.

1.6 The term "Mission" means the Embassy of Nepal/Consulate in the destination country or the Embassy of Nepal/Consulate in the other country assigned for the same purpose;

**Article 2**

**Obligations and Responsibilities of the First Party**

The First Party shall:

2.1 Provide job market information and acquaint the Second Party with the relevant laws of destination countries;

2.2 Cooperate with various relevant agencies to explore job opportunities for the domestic workers;

2.3 Provide complete and accurate information about the sponsor, including his/her identity, address, phone no., credibility, behavior and financial capability to the Second Party and explain to the sponsor about provisions of the Employment Contract between the sponsor and the worker and the legal consequences in case of violation thereof;

2.4 Provide a written assurance of security of the worker from the sponsor and, if necessary, from his/her family;

2.5 Ensure that Nepalese worker shall not be placed to such sponsor who is having the history of maltreatment with, and abuse of, the worker and non-compliance of the provision of the employment contract;

2.6 Ensure that the worker shall not be recruited for any sponsor other than the sponsor who has secured the visa for the designated worker;

2.7 Arrange pick-up service from the airport by the authorized person and inform the workers' arrival plan to the sponsor.

2.8 Arrange temporary accommodation for the Domestic Service Workers till they are transferred to the sponsor.

2.9 Ensure the Presence of worker within three days of the arrival at the Mission of Nepal for registration with a photograph and his/her personal details;

2.10 Ensure that the Domestic Service Worker shall be provided with continuous rest of at least 8 hours per day and is entitled to get at least one day paid off per week. The weekly day off shall be any day of the week as per the mutual understanding between Domestic Service Worker and the employer;

2.11 Ensure that the sponsor shall not keep the passport of the Domestic Service Worker in his/her custody;

2.12 Ensure and monitoring that the payment of salary is made regularly through bank accounts and provide support to transfer to Nepal;

2.13 Ensure that the Domestic Service Worker shall be provided with guarantee of security and facility of accommodation from the sponsor as follows:-

- Free, proper, hygienic and adequate food and clothes;
- Free accommodation in a separate room with attached bathroom and other basic amenities;

- Free medical facilities including hospitalization expenses;
- Free Daily utilities, I. e. tooth paste, tooth brush, soap, shampoo, washing powder and so on;

2.14 Ensure that the Domestic Service Worker is not forced by the sponsor to use tobacco, narcotic drugs, alcohol and other things restricted by (destination country) Law;

2.15 Inform the sponsor and ensure that the entry of unauthorized person to the place of accommodation of Domestic Service Workers shall strictly be prohibited;

2.16 Ensure that the Mission shall have all authority to visit the worker and inspect the accommodation of the worker/s at any time as it may feel necessary;

2.17 Respond to a call from the Mission to settle any problem being faced by the worker from the sponsor latest by three days of the delivery of the call;

2.18 Inform to the Mission and the second party in the case of the Domestic Service Workers run away from the sponsor, Domestic Service Workers are moving or changing of address and missing. Guarantee that the Domestic Service Worker who runs away from the sponsor with or without any reason shall not be sent back to the same sponsor until the Mission and the worker is satisfied after examining the statements and the facts from the sponsor and the domestic worker;

2.19 The first party shall inform to the same on meeting with an accident or passing away or having suffered a calamity immediately after the occurrences of the incident. All expenses of such case should be borne by the sponsor or first party;

2.20 Ensure and monitoring that the Domestic Service Workers are not placed outside the Country of Employment. In such case, ensure to seek legal assistance immediately to bring his/her back to origin and report the same to the Mission within the day she/he arrives in place of work;

2.21 Deliver to the second party or the Mission a copy of Employment Contract in case of the worker's Employment Contract is extended on his/her will;

2.22 Ensure that the Domestic Service Workers shall be entitled to a two-way air ticket, and that the return air ticket is provided only on completion of the contract period;

2.23 Ensure that the domestic service workers' rights are protected and respected, and in case of violation of such rights, complaints to the appropriate authorities in..... (Country of Employment) and inform the same to the Mission and the Second Party;

2.24 Take up an immediate measure to help or rescue the Domestic Service Worker whose life is at risk or is being subjected to physical torture or sexual harassment. Provide necessary support to lodge complaints to the competent authorities of..... (country)..... on behalf of the Domestic Service Worker in case of violation of any right of the Domestic Service Workers or physical torture or sexual harassment, maltreatment of the workers;

2.25 Communicate to the sponsor that the worker's re-medical checkup and visa processing should be completed within two months before expiry of the entry visa after the worker/s' arrival in... (.. country)......., and providing a copy of the visa to the Embassy within 15 days of its receipt from the sponsor;

2.26 Ensure that the signature/thumb impression of the domestic worker/sponsor affixed in the Employment Contract is true and correct as well affix signature as witness;

2.27 Make arrangement for repatriation of the dead body to Nepal and dispatching of all of her/his personal belongings, wages, benefits, insurance claims and other entitlements to Nepal through the Second Party or acting according to the instruction of the Mission with the consent of next of kin or the family member, in case of death of domestic workers;

